# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाडौं

मिति: २०७५।०३।३१ गते

# प्रेस विज्ञप्ति

### विषय: घुस रकम सहित नियन्त्रणमा लिइएको ।

---

भूमिसुधार कार्यालय विराटनगर मोरङका नायव सुव्बा दामोदर खतिवडाले मोहियानी हक मिलाई दिने प्रलोभन देखाई सेवाग्राहीसँग घुस रकम माग गरिरहेको भन्ने उजुरी एवं सूचनाको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय इटहरीबाट खटिइ गएको टोलीले निजलाई रु.३०,०००।-(तीस हजार) घुसवापतको रकम लिएको अवस्थामा निजको कार्यकक्षबाट रङ्गेहात नियन्त्रणमा लिइ अनुसन्धान कार्य भइरहेको छ ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता